# उन्नत वीउ विजन तथा उत्पादन सामाग्रीमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

प्रदेश सरकार, (माननीय मूख्य मन्त्री तथा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री स्तर) मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, बिराटनगर

सचिव

## उन्नत वीउ विजन तथा उत्पादन सामाग्रीमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५

(प्रदेश सरकार मन्त्रीस्तरीय मिति २०७५/०८/१७ को निर्णयबाट स्वीकृत)

**पृष्ठभूमि :**

वर्तमान परिप्रेक्ष्यमा जनसंख्या वृद्धि, मानिसहरुको खानेवानीमा भएको परिवर्तन, विप्रेषण तथा गैर कृषि क्षेत्रबाट भएको आम्दानी आदिले क्रय क्षमतामा वृद्धि भई खाद्यान्न र तरकारी लगायतका कृषि वस्तुहरुको माग बढ्दै गएको छ । बढ्दो माग तथा उत्पादित कृषि वस्तुलाई मूल्य अभिवृद्धि गरी राष्ट्रिय बजारमा लैजान नसक्दा हालका वर्षहरुमा ठुलो मात्रामा खाद्य वस्तुको आयात भै रहेको छ ।लगभग ६५ प्रतिशत जनसंख्या कृषिमा आश्रित रहेको मुलुकमा वार्षिक रुपमा अरवौं रकमको खाद्य वस्तु आयात भईरहेकोले उपलब्ध जमिनमा प्रति इकाई उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन अत्यावश्यक भएको छ । यस लक्ष्य प्राप्तिको लागि उत्पादनका प्रमुख कारक तत्वहरू सिंचाई, मलखाद, वाली व्यवस्थापनको अतिरिक्त उन्नत वीउको प्रयोजन अति नै महत्वपूर्ण छ । स्तरीय वीउको प्रयोगबाट मात्र पनि उत्पादनमा १५–२५ प्रतिशत वृद्धि हुने तथ्य सावित भई सकेको छ । नेपालमा संस्थागत रुपमा उत्पादन भएको वीउमा आम किसानहरुको पँहुच अत्यन्त न्यून छ। लगभग ९०% नेपाली कृषकहरूले परम्परागत ढंगले खेती गरिएको वालीबाट वीउ संचय गरी धेरै वर्षसम्म साल वसाली प्रयोगमा ल्याउने चलन छ । यस अवस्थामा कृषकले आफै संचय गरेको वीउको गुणस्तर न्युनतम स्तरको मापदण्डभन्दा कम रहने तथा वीउको आनुवंशिक गुणस्तरमा ह्रास समेत हुन गई उत्पादनमा कमी हुने भएकोले अधिकतम कृषकहरूले प्रयोग गर्दै आएको वीउको गुणस्तर सुधार्न सकेमा मात्र हालको कृषिको उत्पादनमा करिब २०% ले वृद्धि गर्न सकिन्छ ।यो प्रतिकूल परिस्थितिलाई समयोचित परिस्कृत गर्दै कृषकहरूलाई सरल र सुलभ तरिकाबाट गुणस्तरीय वीउ उपलब्ध गराई विभिन्न वालीहरुको उत्पादन र उत्पादकत्व वढाउन, खाद्य वस्तुको आयात घटाउन र वालीहरुको वीउ प्रतिस्थापन दर वढाउन उन्नत वीउ विजन तथा उत्पादन सामाग्रीहरुमा सहयोग कार्यक्रम संचालनका लागि प्रदेश नं १ ले सरकारको नीति तथा कार्यक्रममा अन्तर्निहित भावना अनुरुप बार्षिक स्विकृत कार्यक्रममा उन्नत वीउ विजन तथा उत्पादन सामाग्रीमा सहयोग कार्यक्रम स्विकृत भएको छ ।उक्त कार्यक्रमलाई व्यवस्थित, पारदर्शि र प्रभावकारी ढङ्गले सन्चालन तथा कार्यान्वयन होस भन्ने अभिप्रायले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयवाट यस उन्नत वीउ विजन तथा उत्पादन सामाग्रीमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ तयार गरेको छ ।

### परिच्छेद -१

### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ**

क. कार्यविधिको नाम "उन्नत वीउ विजन तथा उत्पादन सामाग्रीहरुमा सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५" रहेको छ ।

ख. यो कार्यविधि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

क. उन्नत जातको वीउ भन्नालेः वीउ विजन ऐन, २०४५ अनुसार प्रमाणिकरण पद्धति तथा यथार्थ संकेतपत्र पद्धति अनुरुप कायम वीउका स्तर (मूल, प्रमाणित, श्रोत, लेवल तथा उन्नत वीउ) लाई जनाउछ ।आलु वालीको हकमा पूर्व मूल वीउ(Pre Basic Seed) बाट मूल वीउ (Basic Seed) हुँदै उत्पादन गरिएको प्रथम पुस्ता र दोश्रो पुस्ता (Certified Seed I, Certified Seed II ) आलुको वीउ दाना बुझ्नुपर्दछ ।

ख. खाद्यान्न वाली भन्नालेः यस कार्यविधिमा धान, मकै, गँहु र कोदोलाई बुझ्नुपर्दछ ।

ग. दलहन वाली भन्नालेः यस कार्यविधिमा मसुरो र राज्मा वालीलाई बुझ्नुपर्दछ ।

घ. तेलहन वाली भन्नालेः यस कार्यविधिमा तोरी,, सरस्युँ र सुर्यमुखीलाई वालीलाई बुझ्नुपर्दछ ।

ङ. उत्पादन सामाग्री भन्नालेः कृषि चुन, झोल मल तथा सुक्ष्म खाद्यतत्व मललाई बुझ्नुपर्छ ।

च. क्लस्टर भन्नालेः यो कार्यक्रम संचालनका लागि कृषि ज्ञानकेन्द्रले छनौट गरेको स्थानीय तहहरुको क्षेत्रको समूहलाई बुझ्नुपर्छ ।

## परिच्छेद - २

## कार्यक्रम संञ्चालन प्रकृया

**३ यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रम संचालन गरिने छ।**

क. यस कार्यक्रम अन्तर्गत खाद्यान्न, दलहन, तेलहन, तरकारी, आलु, आदिको उन्नत वीउ विजन तथा उत्पादन सामाग्री खरिदमा निजी र सार्वजनिक ५०/५० प्रतिशत लागत साझेदारी हुनेछ । साथै उक्त वीउ तथा उत्पादन सामाग्री खरिद गरिएको स्थानवाट सम्बन्धित वालीहरुको क्लस्टरसम्म पुऱ्याउन प्रदेश सरकारवाट शत प्रतिशत ढुवानी सहयोग उपलब्ध गराईने छ ।

ख. यो कार्यक्रम संचालनका लागि प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको सम्बन्धित वालीको सुपरजोन, जोन, ब्लक र पकेट विकास कार्यक्रम, सघन वाली विकास आयोजना र अनुदानमा वीउ उपलब्ध गराउने अन्य कार्यक्रम संचालनमा नआएका स्थानीय तह/वडाहरुको क्लस्टर वनाउंनु पर्छ ।

ग. वाली अनुसार स्थानीय तह/वडाहरुको क्लस्टर निर्धारण यस कार्यविधिको दफा ४.५ बमोजिमको समितिले कार्यविधिको दफा ४.१ बमोजिम गर्नेछ ।

घ. एक आर्थिक वर्षमा यो कार्यक्रम संचालन गरेको क्लस्टरमा थप २ वर्षसम्म पुनः यो कार्यक्रम संचालन गरिने छैन ।

सचिव

## ४ कार्यक्रम संचालन विधि

### ४.१ कार्यक्रम छनौटका आधार

क. खाद्यान्न, दलहन, तेलहन, तरकारी, आलु, आदिको वीउ प्रतिस्थापन दर कम तर ती वालीहरुको उत्पादनको पर्याप्त सम्भावना भएका स्थानीय तहहरु/वडाहरु।

ख. व्यवसायिक उत्पादनको सम्भावना भएका स्थानीय तहहरु/वडाहरु ।

ग. प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको सम्बन्धित वालीको सुपरजोन, जोन, ब्लक र पकेट विकास कार्यक्रम, सघन वाली विकास आयोजना तथा अनुदानमा वीउ तथा उत्पादन सामाग्री उपलब्ध गराउने कार्यक्रम चालन नभएका स्थानीय तह/वडाहरु।

घ. कार्यक्रम संचालनका लागि कृषक समूह, कृषि सहकारीको संस्थागत संरचना भएका तथा उपज बजारीकरणको सम्भावना भएका क्षेत्रहरु ।

ङ. महिला, जनजाति, दलित, विपन्न, पिछडिएका समुदाय र खाद्य असुरक्षित क्षेत्रलाई प्राथमिकता दिईने छ ।

च. सामूहिक खेती प्रवर्द्धन गर्नेलाई प्राथमिकता दिइनेछ ।

### ४.२ वीउ तथा उत्पादन सामाग्रीको मूल्य निर्धारण

क. लागत साझेदारीमा वीउको मूल्यको सम्बन्धमा नेपाल सरकारबाट निर्धारण भएका वीउको मूल्यलाई आधार मान्नु पर्नेछ ।

ख. नेपाल सरकारबाट मूल्य निर्धारण नभएका वीउ विजन तथा उत्पादन सामाग्रीको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियामावली, २०६४ लागू हुनेछ ।

ग. ढुवानीका लागि स्थानीय दररेटलाई आधार मान्नु पर्नेछ ।

### ४.३ वीउ विजनको गुणस्तर तथा प्रकार

यस कार्यविधिको प्रयोजनका लागि नेपालमा प्रचिलत ऐन, कानुन अनुसार सूचित तथा उन्मोचित वीउ विजनको जात छनौट गर्नु पर्नेछ साथै नेपाल सरकारले निर्धारण गरेको गुणस्तर बमोजिम हुनुपर्नेछ ।

**४.४ कार्यक्रम बजेट व्यवस्थापन :** कार्यक्रम संचालनका लागि प्रदेश सरकारवाट कृषि ज्ञानमा प्रत्येक वर्ष बजेटको व्यवस्था गरिने छ ।उक्त बजेट मध्ये ५ प्रतिशत कन्टिन्जेन्सी रकम छुट्टयाई कार्यक्रम संचालनको प्रशासनिक र अनुगमन मूल्याङ्कनमा खर्च गरिने छ।

### ४.५ कार्यक्रम सम्बन्धि जिम्मेवारी तथा दायित्व

क. कार्यक्रम कार्यान्वयन सम्बन्धी सम्पुर्ण जिम्मेवारी कृषि ज्ञान केन्द्र प्रमुखको हुने छ।

ख. वाली तथा क्लस्टर छनौट समितिः कार्यक्रम संचालनका लागि देहाय अनुसारको वाली तथा क्लस्टर छनौट समिति रहने छ ।

| | | |
|---|---|---|
| प्रमुख, कृषि ज्ञान केन्द्र | - | संयोजक |
| कृषि अर्थ विज्ञ, अध्ययन परीक्षण तथा तथ्याङ्क शाखा, कृषि ज्ञान केन्द्र | - | सदस्य |
| प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यन्वयन इकाईका प्रमुखहरु | - | सदस्य |
| विशेषज्ञ सेवा शाखाका प्रमुख/ प्रतिनिधि, कृषि ज्ञानकेन्द्र | - | सदस्य-सचिव |

ग. कार्यक्रम संयोजकः कृषि ज्ञान केन्द्रको विशेषज्ञ सेवा शाखामा कार्यरत वाली विकास अधिकृत (तराईमा वाली विकास अधिकृत, पहाडमा वागवानी विकास अधिकृत कार्यक्रम संयोजक हुनेछ उक्त अधिकृतहरु नभएको अवस्थामा प्रमुखले तोकेको कर्मचारीले उक्त कार्य गर्नु पर्नेछ।

घ. कार्यक्रम संयोजकले कृषि ज्ञान केन्द्र प्रमुख, सम्बन्धित स्थानीय तह र किसानहरुसँगको समन्वयमा कार्यक्रम संचालनका लागि प्रचार प्रसार तथा क्लस्टर छनौट समिति मार्फत क्लस्टर छनौट गर्नु पर्नेछ।

ङ. छनौट भएका क्लस्टरमा माग अनुसारको वीउ विजन र उत्पादन सामाग्रीहरुको माग संकलन गरी सम्बन्धित श्रोत केन्द्रसँग सम्पर्क गरी समयमा सामाग्री उपलब्ध गराउने, कार्यक्रम अनुगमन तथा साथै सवै विवरणको अभिलेख राखी कृषि विकास निर्देशनालय र मन्त्रालयमा पठाउने जिम्मेवारी कार्यक्रम संयोजकको हुनेछ ।

ङ. यो कार्यक्रम संचालन भएका क्षेत्रहरुमा सर्वसाधरणले देख्ने गरी प्रति क्लस्टर कम्तीमा २ वटा होर्डङ्ग वोर्ड राख्नुपर्नेछ ।

### ४.४ कार्यक्रमको लागत साझेदारीका दायराहरु

कार्यक्रम संचालन गर्दा देहाय अनुसार सेवा सुविधा उपलब्ध हुनेछन् ।

| वाली | सेवा सुविधाका दायरा | कैफियत |
|---|---|---|
| खाद्यान्न, दलहन तथा तेलहन वाली | ▪ पहाडमा न्युनतम १ रोपनी तथा बढीमा ७ रोपनीका लागि सिफारिश मात्राको वीउ प्रति किसान<br>▪ तराईमा न्युनतम ५ कठ्ठा तथा बढीमा २० कठ्ठाका लागि सिफारिश मात्राको वीउ प्रति किसान | |
| तरकारी वाली | ▪ पहाडमा न्युनतम ०.५ रोपनी तथा बढीमा ७ रोपनीका लागि सिफारिश मात्राको वीउ प्रति किसान | |



सचिव

| वाली | सेवा सुविधाका दायरा | कैफियत |
|---|---|---|
| | ▪ तराईमा न्युनतम २ कठ्ठा तथा बढीमा १० कठ्ठाका लागि सिफारिश मात्राको वीउ प्रति किसान | |
| आलु | ▪ पहाडमा न्युनतम १ रोपनी तथा बढीमा ७ रोपनीका लागि सिफारिश वीउ प्रति किसान | |
| कृषि चुन, शुक्ष्म खाद्यतत्व तथा झोल मल | ▪ पहाडमा न्युनतम १ रोपनी तथा बढीमा ७ रोपनी का लागि सिफारिश सामाग्री प्रति किसान<br>▪ तराईमा न्युनतम २ कठ्ठा तथा बढीमा १० कठ्ठाका लागि सिफारिश सामाग्री प्रति किसान | |

## परिच्छेद – ३

## अनुगमन मूल्याङ्कन

५ अनुगमन मूल्याङ्कन – भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालयबाट आवश्यकता अनुसार अनुगमन मूल्याङ्कन गरिने छ।

## परिच्छेद – ४

## विविध

६ प्रचलित कानुन लागूहुने: कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उल्लेख भएमा सोहि बमोजिम तथा उल्लेख नभएको कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ।

७ बाधा अड्काउ निरुपण खारेजी एवं संशोधन:

क) यस कार्यविधि कार्यान्वयनमा केहि बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ । यसमा भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको व्याख्या अन्तिम हुनेछ ।

ख) यस कार्यविधिलाई आवश्यकतानुसार भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले संशोधन वा खारेजी गर्न सक्नेछ ।



सचिव